निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति २०७३।१२।१०

**स्थानीय तह निर्वाचन सुरक्षा योजनाबारे छलफल**

१. काठमाडौं, चैत १० । निर्वाचन आयोगले २०७४ बैशाख ३१ गते हुने स्थानीय तह निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित ढङ्गले सम्पन्न गराउने उद्देश्यले बिहीबार माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको अध्यक्षतामा 'स्थानीय निर्वाचन र निर्वाचन सुरक्षा योजना' का विषयमा सुरक्षा निकायहरुसँग छलफल गऱ्यो । सुरक्षा निकायहरुसँग बारम्बार छलफल गर्दै आएको आयोगले स्थानीय तहको निर्वाचन सुरक्षाको तयारीको पछिल्लो अवस्थाबारेमा जानकारी लिएको छ ।

छलफलमा आयोगका पदाधिकारीहरुले सुरक्षा तयारीका विषयमा कमी कमजोरी हुन नपाओस् भनेर थप सुझावहरु पनि दिनुभएको छ । उच्चस्तरीय सुरक्षा समितिका संयोजक माननीय सुधीरकुमार शाहले गृह मन्त्रालयबाट प्राप्त सुरक्षा योजनाप्रति सन्तोष व्यक्त गर्दै केही विषयमा थप स्पष्ट गर्न र कार्यान्वयन योग्य सुरक्षा योजनालाई प्राथमिकता दिन आग्रह गर्नुभयो । छलफलमा गृहसचिव लोकदर्शन रेग्मीले क्षेत्रीयस्तरदेखि वडास्तरसम्म सुरक्षा व्यवस्था मिलाउने तयारी गरिएको र हरेक मतदाता तथा उम्मेदवारलाई सुरक्षा प्रत्याभूति दिने किसिमले अगाडि बढेको जानकारी दिनुभयो ।

यस्तै, प्रमुख निर्वाचन आयुक्त डा. यादवले मतदान कार्यपछिको मतपेटिका ढुवानी, मतगणना कार्यको सुरक्षा तथा समग्र निर्वाचनको व्यवस्थापनमा समेत सचेत र चनाखो रही सुरक्षा व्यवस्था हुने गरी कार्य गर्न निर्देशन दिनुभयो । सुरक्षा छलफलमा माननीय आयुक्तहरु इला शर्मा, नरेन्द्र दाहाल, ईश्वरीप्रसाद पौड्याल, सुधीरकुमार शाह, सचिव गोपीनाथ मैनाली सहभागी हुनुहुन्थ्यो । यसैगरी, गृह मन्त्रालयका सचिव लोकदर्शन रेग्मी, नेपाल प्रहरीका निमित्त प्रमुख डा. दिनेशचन्द्र पोखरेल, सशस्त्र प्रहरी प्रमुख सिंहबहादुर श्रेष्ठ, मुख्य अनुसन्धान निर्देशक दिलीपराज रेग्मी र नेपाली सेनाका उपरथि विनोदकुमार श्रेष्ठसमेत सहभागी हुनुहुन्थ्यो ।

२. **मतपत्रको छपाइ जारी**

२०७४ बैशाख ३१ गते हुने स्थानीय तहको निर्वाचनमा प्रयोग हुने मतपत्रको छपाइ कार्य जारी रहेको छ । चैत ६ गतेबाट सुरु भएको मतपत्रको छपाइ कार्य बिहीबार ५ बजेसम्म १२ जिल्लाका मतपत्र छपाइ भइसकेको छ । मतपत्रको छपाइ गर्ने कार्य स्थगित भयो भनी केही सञ्चार माध्यमबाट आएको समाचार सत्य नभएको र निर्वाचनको संवेदनशीलतालाई ध्यानमा राखेर आधिकारिक व्यक्तिको भनाइलाई उद्धृत गरेर मात्रै समाचार प्रकाशन/प्रसारण गर्न मिडियाकर्मीहरुलाई आयोग हार्दिक आग्रह पनि गर्दछ ।

सूर्यप्रसाद शर्मा
सहसचिव एवं प्रवक्ता



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np